# आर्थिक वर्ष २०७६/७७को

# नीति तथा कार्यक्रम

## सत्यवती गाउँपालिका

## गुल्मी

## ५ नं. प्रदेश, नेपाल

**श्रीमान् सभाध्यक्ष महोदय,**

**गाउँसभाका माननीय सदस्यज्यूहरु,**

**सम्पुर्ण कर्मचारीज्युहरु,**

**एवम् उपस्थित महानुभावहरु ।**

सर्वप्रथम यस सत्यवती गाउँपालिकाको तेस्रो आर्थिक वर्षको वर्षे अधिवेशनको रुपमा पाचौं गाउँसभाको पहिलो बैठकमा उपस्थित हुनु भएका गाउँसभाका सम्पुर्ण सदस्यज्युहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु। साथै देशको स्वतन्त्रता, सार्वभौमसत्ता, सार्वभौमसत्ता सम्पन्न वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

सत्यवती पर्यटकीय र धार्मिक क्षेत्रदेखि रुद्रवेणी धामजस्ता धार्मिक, सांस्कृतिक क्षेत्र, साबिक लुम्बिनी अञ्चलकै सर्वोच्च पहाड थाप्ले लगायतको जैविक रुपले विशिष्ट र सुन्दर सत्यवती गाउँपालिकाले तेस्रो आर्थिक वर्षका लागि बजेट निर्माण कार्य गर्दै गर्दा विकासका पुर्वाधार र जनताको जनजीविकाको सुधार र विकासका लागि निरन्तर लागिरहेको छ। र **'कृषि, पशु, पर्यटन र पुर्वाधार, सुन्दर र समृद्ध सत्यवतीको आधार'** नारा प्रस्तावित रहेको छ। सभ्य, सुन्दर र समृद्ध सत्यवती निर्माण गर्न, सुखी र खुशी जनजिविकाको आधार श्रृजना गर्ने गरी यस आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम तयार गरेका छौं साथै सम्पुर्ण जनप्रतिनिधिलाई निर्वाचित गर्ने बेला सत्यवतीका जनताले अभिव्यक्त गरेको इच्छालाई पुरा गर्न सत्यवती गाउँपालिकाबाट कुनै कसर बाँकी नराखिने प्रतिवद्धता व्यक्त गर्दछु।

**सभाध्यक्ष महोदय,**

स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको काम कर्तव्य तथा अधिकारको पुर्ण कार्यान्वयनका लागि आ.व. २०७६/ ७७ को योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका ऐन कानून, विभिन्न मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शन आदिका आधारमा सहभागितामूलक तवरले आयोजना सञ्चालन गर्ने गरी वार्षिक नीति तथा कार्यक्रम तयार गरेका छौं ।

जनप्रतिनिधिको स्पस्ट दृष्टिकोण, कर्मचारीको लगनशीलता र कार्यक्षमता एवम् सबै गाउँपालिका निवासी जनताको सहभागिताको माध्यमले मात्र आयोजनाको छनौट, तर्जुमा र कार्यान्वयनले सफलता प्राप्त गर्ने तथ्य

मध्यनजगर गरी आगामी आ.व. २०७६/ ७७ का लागि **योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सत्यवती गाउँपालिकाले आ.व. २०७६/ ७७ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजना तथा आर्थिक तथा वित्तीय ऐनले लिएका नीति तथा प्राथमिकताहरु
- अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।
- सत्यवती गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**<u>योजना/ आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु</u>**

१) यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।

२) उत्पादनमूलक र शीघ्र प्रतिफल दिने ।

३) आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुर्‍याउने ।

४) छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।

५) पारदर्शिता र सुशासनयुक्त संस्थागत विकास।

६) स्थानीय स्रोत-साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।

७) प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।

८) परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।

९) वातावरण संरक्षण र दिगो विकासमा टेवा पुर्‍याउने ।

१०)	गाउँपालिका र उपभोक्ताबीच साझेदारी एवम् जनसहभागितामा हुने ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

हामीले यस आ.व. ०७५।७६ को बजेट तर्जुमा गर्दा आधार लिइएका  र आगामी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन् ।

**सत्यवती गाउँपालिकाका समस्टीगत नीतिहरुः**

- पुर्वाधार विकास, शिक्षा, स्वास्थ र रोजगारमैत्री कार्यक्रम मार्फत जनताको जीवनस्तरमा सुधार गर्ने  परिकल्पनाको रुपमा वार्षिक नीति तथा कार्यक्रमको प्रस्ताव गरिएको छ।
- विकासका दृष्टिले पछि परेको वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ। त्यसका लागि जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आय, पुर्वाधारमा लागत एवम् आवश्यकताको प्राथमिकिकरण आदिका आधारमा स्रोतको बाँडफाँडको व्यवस्था गरिनेछ।
- भौगोलिक विकटता र परनिर्भरताको बजार हाम्रो गाउँपालिकाको चुनौति हो। यसलाई मध्यनजर गर्दै एकिकृत बस्ती निर्माण गर्ने तथा एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।
- सामुदायिक विद्युतलाई समुदायसँग परामर्श गरी नेपाल विद्युत प्राधिकरण मातहत ल्याउन पहल गरिनेछ।
- गाउँपालिकाको समग्र विकासका लागि पञ्चवर्षीय आवधिक योजनाको निर्माण गरिनेछ।
- सत्यवती गाउँपालिकामा **हरित सडक अभियान** सञ्चालनको निरन्तरता दिइनेछ।
- सत्यवती गाउँपालिकामा जन्म भई देश/ प्रदेशका विशिष्ट पदमा रहेका व्यक्तिहरुलाई समेटेर वृहद सत्यवती लगानी एवम् सुझाव सम्मेलनको आयोजना गरिनेछ।

<u>**आर्थिक विकास सम्बन्धी नीतिहरु**</u>

- पशुपालन र कृषिक्षेत्रमा कृयाशील जनशक्तिलाई हौसलाको लागि उत्पादित बस्तुको बजार मुल्य निकै घटेर एवम् प्राकृतिक प्रकोपबाट पीडित कृषकको लागि न्युनतम समर्थन मुल्य र क्षतिपुर्तिको व्यवस्था गरिनेछ ।
- उत्पादन कार्यक्रम मार्फत प्रत्येक वर्ष रोजगारी वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरी प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ। सिँचाइमा विशेष जोड दिइनेछ कृषिलाई व्यावसायिक रुपमा विकास गर्न पर्याप्त स्रोतसाधनको परिचालन गरिनेछ ।

- पशुपालनको विकास र विस्तारका लागि पकेट क्षेत्र बनाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि यान्त्रीकरण, आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणलाई निरन्तरता दिइनेछ।
- कृषि तथा पशुपालन क्षेत्रमा विमा गर्ने कार्यलाई प्रोत्साहन र अनुदान प्रदान गरिनेछ।
- बालीनालीमा बाँदरले क्षति पुर्याएर कृषकहरु मारमा परेको अवस्थालाई मध्यनजर गर्दै बाँदरबाट बालीनालीको संरक्षणका लागि आवश्यक कार्य गरिनेछ।
- स्थानीय स्वस्थ तरकारीका लागि **एक घर एक करेसाबारीको** अवधारणालाई मुर्तरुप दिई यस गाउँपालिकामा तरकारी आयातलाई निरुत्साहन गरिनेछ।
- यस गाउँपालिका क्षेत्रमा उत्पादनयोग्य जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ, उत्पादनशील जग्गा बाँझो जग्गावालाबाट उक्त बाँझो जग्गा प्राप्त गरी खेति गर्न सक्ने वातावरणको व्यवस्था गरिनेछ।
- पर्यटन विकासका लागि गाउँपलिका क्षेत्रभित्र धार्मिक, ऐतिहासिक, तथा पुरातात्विक सम्पदाहरुको पहिचान, विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलम्बन गरिनेछ।
- **एक वडा एक उद्धान** कार्यक्रम सञ्चालन गरिनेछ, साथै कार्यालयको तर्फबाट एउटा नमूना तरकारी खेती कार्यक्रम सञ्चालन गरिनेछ।
- सत्यवती गाउँपालिका क्षेत्रमा कृयाशील वित्तीय संघ-संस्था, सहकारी सम्बन्धी संघ-संस्थाको काम कारवाहीको अनुगमन गरिनेछ। सहकारी सम्बन्धी संघ-संस्थालाई उत्पादनशील कार्यमा लगाइनेछ।
- थाप्ले, सत्यवती, भार्से, अर्कुल दरबार, हिले, हचिङ्गकोट, थुम्का, लुम्पेकी थानी, लुम्पेक बौद्ध गुम्बा, ठूलाबगर, कुँडुले भगवती मन्दिर, परमानन्द स्मृति धाम, पुत्ताउने छहरा, हुक्राइ सेती नाग, रुद्रवेणी, भार्से फुर्से थान, जुनियाँ कोट, नर्मदेश्वर, नेटा गुफा, आलमथान, बकेट झरना जस्ता पर्यटकीय सम्भावना बोकेका स्थानहरुको प्रचारप्रसार र विकासमा जोड दिइनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय संभावना बोकेका ग्रामीण इलाकामा होम स्टे संचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिकाका कृषक व्यापारी व्यवसायीमा व्यावसायिकता अभिवृद्धि गर्न प्रत्येक वडामा हाटबजार सञ्चालन गरिनेछ।
- आन्तरिक आम्दानी वृद्धिका लागि करको दर वृद्धि नगरी दायराहरुमा विस्तार गर्ने नीति लिइनेछ।
- बडिगार्ड खोलामा र्याफ्टिङ व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ।

**भौतिक पुर्वाधार सम्बन्धी नीतिहरु**

- विपन्न वर्गलाई लक्षित गरी खरका छाना विस्थापन कार्यलाई घनिभूत रुपमा अगाडि बढाइनेछ र त्यसका लागि उल्लेख्य बजेट विनियोजन गरिनेछ।
- गाउँपालिका क्षेत्रमा सडक र भवन निर्माणको न्यूनतम मापदण्ड बनाई जथाभावी भौतिक पुर्वाधार निर्माणलाई नियमन गरिनेछ। नक्सापास गराएर भवन निर्माण गर्ने कार्यको थालनी गरिनेछ।
- गाउँपालिका भित्रका सबै ग्रामीण एवम् कृषि सडकलाई बाह्रै महिना चल्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- चालु आ.ब.मा नै तयार हुने सडक गुरुयोजनामा आधारित भई सडकको मर्मत संभार, स्तरोन्नति एवम् निर्माण गरिनेछ।
- सबै नागरिकलाई सडक यातायातको पहुचमा पुर्याउने नीति लिइने छ ।
- गाउँपालिकाका बजार क्षेत्रमा ट्राफिक जाम, अव्यवस्थित पार्किङ लगायतका समस्यालाई मध्यनजर गरी पार्किङ स्थलको निर्माण गरिनेछ।
- स्थानीय जनसहभागितामा खैरेनी बजार क्षेत्रको सडकलाई पिच गरिनेछ।
- सत्यवती क्षेत्रभित्र यातायातको भाडादर निर्धारण गरिनेछ।

**सामाजिक विकास सम्बन्धी नीतिहरु**

- स्थानीय खाद्य पदार्थको सेवनलाई प्राथमिकता दिँदै अखाद्य, मिसावटयुक्त र कलकारखानाबाट उत्पादित जङ्क फुड र अन्य खाद्य पदार्थको सेवन न्युनिकरण गर्ने नीति लिइनेछ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविकाले पुर्याएको योगदानको कदर गर्दै निजहरुलाई प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- ७० वर्षभन्दा माथिका जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र स्वास्थ्य स्वयमसेविकाको उपचारमा सहुलियतको व्यवस्था गरिनेछ।
- सबै गाउँबासीको स्वास्थ्यलाई मध्यनजर गरी ४० वर्ष नाघेका नागरिकको ब्लडप्रेसर र सुगर जाँच निशुल्क गरिनेछ।
- सत्यवती गाउँपालिकालाई छुवाछुतमुक्त, पुर्ण साक्षरतायुक्त, पुर्ण सरसफाइयुक्त, पूर्ण खोपयुक्त गाउँपालिकाको रुपमा विकास गरिनेछ।
- सनातनदेखि चलिआएका धर्म- संस्कृतिको संरक्षण गरिनेछ।
- स्थानीय मगर, खसआर्य, नेवार, दलित लगायत जातिको भाषा, भेषभुसा, चाडपर्व, नाचगान, बाजागाजा आदिको संरक्षण सम्बर्धन गर्ने नीति लिइनेछ।

- मानिसले परम्परादेखि मान्दै आएको धर्म संस्कृतिलाई करकाप वा प्रलोभनमा पारी धर्म परिवर्तन गराउन पाइनेछैन तथा कुनै जाति जाति, धर्म, संस्कृतिप्रति द्वेष, घृणा फैल्याउने कार्यलाई निषेध गरिनेछ।
- सामाजिक समावेशीकरण एवम् लैङ्गिक समानता प्रवद्धन गर्न महिला, बालबालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु लगायत लक्षित वर्गको सशक्तीकरण र मूलप्रवाहीकरण गर्न आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू संचालन गरिनेछ ।
- एक घर एक धारा मार्फत प्रत्येक टोलटोलमा व्यवस्थित खानेपानीको प्रवन्ध गर्ने कार्यलाई प्राथमिकता क्रमअनुसार निरन्तरता दिइनेछ।
- सीपमुलक तालीम मार्फत आय आर्जनमा वृद्धि गरी आत्मनिर्भर बनाउने नीति लिईनेछ ।
- भौतिक संरचना निर्माण गर्दा बालमैत्री, वृद्ध-वृद्धामैत्री एवम् अपाङ्ग मैत्री बनाइनेछ।
- वृद्ध भत्ता लगायतका सामाजिक सुरक्षाका कार्यक्रमलाई बैंकमार्फत वितरण गरिने व्यवस्था मिलाइने छ।
- विद्यालयको शिक्षा सुधार, गुणस्तर एवम् विद्यार्थी संख्याको आधारमा अनुदान प्रणालीको सञ्चालन/ व्यवस्थापन गरिनेछ।
- प्रारम्भिक बाल शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यार्थीहरुको चाहना अनुकुल व्यावहारिक र प्राविधिक शिक्षा सम्बन्धी तालीम एवम् कक्षा सञ्चालन गरिनेछ।
- गाउँ कार्यपालिकाको कार्यालयबाटै सिसिटिभिको माध्यमले विद्यालयको अनुगमन गर्ने व्यवस्थाको सुरुवात गरिनेछ।
- मापदण्ड बमोजिम आवश्यकता अनुसार शिक्षक दरबन्दी मिलान कार्य गरिनेछ।
- गाउँपालिकाको शैक्षिकस्तर माथि उकास्न यस क्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरुको भौतिक पुर्वाधार, शैक्षिक सामाग्री वितरणको कार्यक्रममा जोड दिइनेछ ।
- शैक्षिक संस्थालाई निरन्तर रुपमा बाधा अड्चन आउन नदिइने र कुनै पनि बहानामा शैक्षिक संस्था बन्द गर्न पाइने छैन ।
- जवाफदेहीपुर्ण शिक्षण सिकाई प्रणाली विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रमुख प्रशासकीय अधिकृत र प्रधानाध्यापकको बीचमा कार्य सम्पादन करार गर्ने कार्यको थालनी गरिनेछ।
- बालबालिकाहरुको क्षमता अभिवृद्धि एवम् नेतृत्व विकासका लागि प्रत्येक माध्यमिक र आधारभूत विद्यालयमा बालक्लबको गठन गरी परिचालन गरिनेछ।
- उत्कृष्ट विद्यालय र शिक्षकहरुलाई प्रोत्साहन गरिनेछ।

- स्वास्थ्य सेवा पाउनबाट बन्चित नागरिकका लागि स्वास्थ्यमा सरल र सुलभ पहुँच हुने किसिमका स्वास्थ्य शिविर लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य संस्थाहरुमा पर्याप्त औषधिको उपलब्धताका साथै स्वास्थ्य राहत कोषको व्यवस्था गरी विपन्न वर्गहरुलाई स्वास्थ्यको पहुँच भित्र ल्याइनेछ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई अगाडि बनाइनेछ ।
- यस गाउँपालिकामा व्याप्त रहेको पाठेघर तथा निशन्तान सम्बन्धी समस्या निराकरणका लागि शिविर सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहार हटाई सम्मानजनक जीवनयापनका लागि आवश्यक प्रवन्ध गरिनेछ साथै जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको अन्तर पुस्ता हस्तान्तरण कार्यको थालनी गरिनेछ।
- खेलकुद विकासका लागि खेलकुद सामाग्री, खेलमैदान, तथा खेलकुद पुर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथमिकता दिई प्रत्येक वडामा एक एक वटा खेलमैदान निर्माण गरिनेछ। साथै सत्यवती खेलकुद सप्ताहको आयोजना गरिनेछ।
- यस सत्यवती गाउँपालिका क्षेत्रमा प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिँदै नकुहिने फोहोर पदार्थको संकलन र भण्डारण गरी वेचविखन गरी आन्तरिक आय वृद्ध गर्न प्रयोग गरिनेछ। गाउँपालिका क्षेत्रलाई प्लास्टिक धुँवामुक्त क्षेत्र बनाइनेछ ।
- बाटो घाटो, नदी नाला, खोला लगायतका सार्वजनिक तथा खुला ठाउँमा जथाभावी फोहोर फाल्नेलाई कारवाहीको दायरामा ल्याइनेछ।
- एलोपेथिक उपचार पद्धतिको अलावा आयुर्वेद, योग, ध्यान, जडिबुटी लगायतका वैकल्पिक स्वास्थ्य प्रवर्धन एवम् उपचार पद्धतिलाई अगाडि बढाइनेछ।
- आर्थिक एवम् सामाजिक दृष्टिले पिछडिएका माझी समुदायलाई तथा विपदबाट जोखिम बस्तीलाई लक्षित गरी एकिकृत बस्ती निर्माण गरिनेछ।

**<u>वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति</u>**

- प्राकृतिक एवम् मानवीय संकट र प्रकोपबाट पुर्वसुरक्षा, व्यवस्थापन र राहत कार्यलाई वैज्ञानिक बनाइनेछ। पोखरी निर्माणलाई अभियानको रुपमा लगिनेछ।
- भूक्षयग्रस्त क्षेत्रहरुलाई बायो इन्जिनियरिङ्ग, विभिन्न ग्रामिण प्रविधिहरुका माध्यमबाट रोकथामका उपाय अवलम्बन गरिनेछ ।
- भौतिक पुर्वाधारको निर्माण गर्दा प्राकृतिक स्रोत, वन जङ्गल एवम् जैविक विविधता र पारिस्थितिक प्रणालीलाई खलल पार्ने गरी विकास निर्माण सञ्चालन गरिने छैन।

- वनक्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपुर्ण वनस्पति तथा जडिबुटीको संरक्षण र विकासको नीति लिइनेछ ।
- वन तथा वन्य जन्तुलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुका साथै सडकको दाँया बाँया वृक्षारोपण गरी हरीयाली कायम गर्ने तथा वातावरण तथा जलवायु अनुकुलन हुने गरी विकासका कृयाकलाप सञ्चालन गरिनेछ ।
- बडिगार्ड खोलामा करेन्ट लगाएर एवम् विष हालेर माछा मार्ने कार्यलाई पुर्ण निषेध गरी उक्त कृयाकलापमा संलग्न व्यक्तिलाई कारवाही गरिनेछ।

**<u>संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन सम्बन्धी नीति</u>**

- सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ।
- पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ।
- गाउपालिकाको पार्श्वचित्र, श्रोत नक्सा र विकास गतिविधि समेटिएको डिजिटल पार्श्वचित्र निर्माण गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्ट्राचारमुक्त र जनउत्तरदायी बनाइनेछ ।
- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालनविना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव नभएकाले राजस्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गरिने छ ।
- गाउँपालिका भरिका प्रत्येक घरको तथ्याङ्क संकलन गरी घर नम्बर उपलब्ध गराइनेछ।
- आत्म निर्भर गाउँपालिकाको सोच अनुरुप वढीभन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन तथा योगदानमा आधारित प्रोत्साहन उपलब्ध गराइनेछ।
- गैरसरकारी संस्थाहरुले सत्यवती गाउँपालिकाभित्र कुनै पनि कार्यक्रम संचालन गर्दा अनिवार्य इजाजत लिने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेटलाई सहयोग पुग्ने गैरसरकारी संस्थाका कार्यक्रमलाई मात्र इजाजत दिइने छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रमलाई वडासम्म विस्तार गरिनेछ।
- एकिकृत सम्पति कर लागु गरी Computer Software सिस्टमबाट कर संकलन कार्यलाई प्रभावकारी बनाइनेछ।

- आर्थिक लेखा नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरिक्षणलाई व्यवस्थित गरी बेरुजु फछ्र्यौट गर्ने कार्यमा कडाइ गरिनेछ।
- गाउँपालिकाको गतिबिधिलाई इन्टरनेट, वेबसाइट, एप्लिकेसन आदिको माध्यमले निरन्तर अद्यावधिक गरिनेछ।
- उपभोक्ता हित संरक्षण गर्न नियमित बजार अनुगमन गरी कालोबजारी गर्ने र गुणस्तरहीन मालसामान बेच्ने मानिसलाई दण्डित गर्नुका साथै गुणस्तर मापदण्ड बनाई कडाइका साथ लागु गरिने छ।
- घरेलु एवम् अवैध मदिराजन्य पदार्थको उत्पादन, भण्डारण, विक्री वितरणमा पुर्ण निषेध गरिनेछ। साथै उक्त कार्यलाई घरखर्चको एक मात्र विकल्प बनाउन बाध्य महिलालाई पेशा परिवर्तनका लागि आवश्यक सहयोग गरिनेछ।
- कानून बनाएर गाउँ प्रहरीको गठन एवम् परिचालन गरिनेछ।
- गाउँपालिकाको केन्द्र, जोहाङ्ग, खैरेनीमा यस वर्ष बन्दै गरेको पुस्तकालयको क्षमता विकास गरी पठनपाठन संस्कृतिको विकास गरिनेछ।
- सत्यवतीलाई हिंसामुक्त गाउँपालिकाको रुपमा विकास गरी प्रत्येक टोलमा हिंसा विरुद्ध प्रतिरक्षा समूह गठन गरी परिचालन गरिनेछ।
- न्यायिक समितिले गर्ने कार्य सम्पादनलाई अझै छिटो-छरितो र प्रभावकारी बनाइनेछ।
- स्थानीय तहको अधिकारक्षेत्रभित्रका विषयमा कानूनहरुको निर्माण कार्यलाई थप अगाडि बढाइनेछ।

**उपस्थित सम्पुर्ण गाउँसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम बजेट निर्माणका क्रममा भएका टोल भेलाहरु, वडा एवम् विषयगत समिति, विभिन्न बजेट समितिहरु, विभिन्न विज्ञहरुको राय सल्लाह, गाउँ कार्यपालिकाका निर्णयहरु आदिलाई समेत ध्यानमा राखी तयार गरिएको व्यहोरा अनुरोध गर्दछु।

**अन्त्यमा,**

यस वार्षिक नीति तथा कार्यक्रम तयारीका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु भएका सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनीतिक दलका स्थानीय नेतृत्व, समाजसेवी, वुद्धिजीवि, विभिन्न संघसंस्था, सहयोगी सुभेच्छुक एवम् सम्पुर्ण सत्यवती गाउँपालिका निवासी महानुभावप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस गाउँपालिकाको समृद्धि र सेवामा खटिरहेका सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। साथै यस नीति तथा कार्यक्रमको पुर्ण कार्यान्वयनबाट सत्यवती गाउँपालिकालाई सभ्य, सुन्दर र समृद्ध बनाउन हामी सबै एक भई अगाडि बढ्ने विश्वास व्यक्त गर्दै मेरो सम्बोधनलाई यहीँ टुङ्गयाउँदछु। धन्यवाद।